मिति २०८२/०७/३० गतेको चौथो गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८२/०७/३० बैठक संख्या : २०८२/०८३- ४ समय : दिउँसो ०१ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यश्र श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका, लामिटार सभाहल

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी,
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०७/३० गतेको चौथो गाउँकार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. योजनाको नाम संशोधन सम्बन्धमा ।

३. लामिटार चकरी सडकको भेरिएसन अडर (VO) तथा म्याद थप सम्बन्धमा ।

४. असाधारण विदा सम्बन्धमा ।

५. घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा ।

७. कानून सम्बन्धमा ।

८. राजश्व रकम मिलान सम्बन्धमा ।

९. उपभोक्ताद्धारा मेसिनरी औजार प्रयोग सम्बन्धमा ।

१०. नेपाल टेलिकमको लागी नयाँ BTS Site को लागी स्थान उपलब्ध गराउने सम्बन्धमा ।

११. लामिटार चकरी सडकको कालोपत्रे सम्बन्धमा ।

१२. शव वहान खरिद तथा भन्सार छुट सम्बन्धमा ।

१३. प्रति लि. दुधमा अनुदान सम्बन्धमा ।

१४. माटो उत्खनन् सम्बन्धमा ।

१५. विद्युतीय पोल स्थान्तरण सम्बन्धमा ।

१६. सिप विकास तालिमको लागि प्रदेश सरकारसंगको लागत साझेदारी सम्बन्धमा ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँ कार्यपालिकाको चौथो बैठक

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति तथा शिक्षा, स्वास्थ्य, पशुपंक्षि विकास उपशाखा, कृषि विकास उपशाखा, योजना शाखा, भौतिक पूर्वाधार विकास शाखा, प्रशासन शाखा लगायतका शाखाहरुको मासिक प्रगति सम्बन्धमा जानकारी भयो

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८२/८३ को स्विकृत वडागत योजनाको बास्तविक नाम कायम हुनुपर्ने शिर्षकमा अन्यथा हुन गएको व्यहोरा सहित सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र प्राप्त हुन आएको हुदाँ तपसिल बमोजिमका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।



रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

मिति २०८२/०७/३० गतेको चौथो गाउँकार्यपालिका बैठकको निर्णयहरु

तपसिल

| क.सं. | साविक योजनाको /कार्यक्रमको नाम | श्रोत | विनियोजित रकम | क.सं | संशोधित योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. ८ टासी छोईलाङ्ग गुम्बा | नेपाल सरकार- समानीकरण अनुदान | २०,००,००० | १ | टासी फुन्छोक छयोईलिङ गुम्बा मनहरी - ८ | २०,००,००० |
| २ | ज्यामिरे खानेपानी योजना मनहरी ९ | बागमती प्रदेश- समानीकरण अनुदान | १०,००,००० | २ | वृहत खानेपानी तथा सरसफाई उपभोक्ता समिति मनहरी - ९ | १०,००,००० |
| ३ | गोपाली गुठी मनहरी -९ | राजश्व बाडँफाडँ – स्थानीय नगद | ६,००,००० | ३ | सार्वजनिक भवन निर्माण – मनहरी ९ | ६,००,०००/- |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा लामिटार चकरी सडक निर्माण गर्ने क्रममा कार्यान्वयन स्थलको भौगोलिक जटिलता ( अपेक्षित भन्दा धेरै उकालो- ओरालो, पहिरो प्रभावित भाग, भु- संरचना तथा मार्ग रेखाङ्कन) का कारण निर्माण व्यवसायी पक्षबाट काम सपन्न गर्न म्याद थपको लागि मिति मिति २०८२/०३/१० गते निवेदन दिएको तर कार्यालयको बजेट व्यवस्थापनमा समस्या भएको तथा भेरिएशन अडर (VO) पनि गर्नु पर्ने भएकोले हाल चा.लु. आ.व. मा लामिटार चकरी मकरी सडक निर्माणमा विनियोजित रकम रु ६५,००,०००/- मध्येबाट भुक्तानी हुनेगरी मिति २०८२/०८/२९ गते सम्मको लागि म्याद थप तथा भेरिएशन अडर स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल स्वास्थ्य सेवा, हेल्थ ईन्स्पेक्सन समूह, सि. अ. हे. ब. पद सहायक पाचौं तहमा पुष्पलाल स्मृती आधारभुत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत श्री रमिता राई (२०६२३२) ले मिति २०८२/०७/२७ मा आफ्नो घरायसी कारण र बैदेशिक यात्राको लागि असाधारण विदा पाउँ भनि निवेदन पेश गर्नु भएको हुदाँ हाललाई मिति २०८२/०८/०१ गते देखी लागू हुने गरी २०८३ कात्तिक मसान्त सम्म स्थानीय सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ६० को उपदफा (१) र (२) बमोजिम एक वर्षको लागि निजको असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा "घ" वर्गको निर्माण सम्बन्धी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (१) मा व्यवस्था भए बमोजिम कार्यालयमा पर्न आएको निवेदन उपर सोही दफाको (२) बमोजिम गठित प्राविधिक समितिबाट समेत सिफारिस भई आएको हुदाँ तपसिल बमोजिमको निर्माण व्यवसायी, फर्म, कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | फर्मको नाम | संचालक | पान नं. | कैफियत |
|---|---|---|---|---|
| १ | मनहरी इन्प्रास्ट्रक्चर प्रा. लि. मनहरी - ९ | होमराज थापामगर | ६०९८५१६२१ | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकामा तपसिल बमोजिमका विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा अनुसूची - १ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वय गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाका तपसिल बमोजिमका कार्यविधि संशोधन तथा स्वीकृत गरी राजपत्र प्रकाशनको लागि गाउकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

१. टोल विकास संस्था संचालन कार्यविधि, २०७५ को पहिलो संशोधन २०८२

२. मनहरी गाउँपालिकाको विपन्न वर्ग अन्तिम संस्कार आर्थिक सहयोग सम्बन्धी कार्यविधि, २०८२

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०८२/०४/२९ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. ११ अनुसार चालु आ.व. २०८२/०८३ को शूरु मौज्दात परिमाण २००६०५।६७ र उत्खनन् हुने परिमाण १६७६२०।४६ गरी कुल ३६८२२६।१३ घनमिटरको लागि ठेक्का व्यवस्थापन भएकोमा चालु आ.व. को शुरु मौज्दात परिमाण मध्येबाट ठेक्का सम्झौता हुँदाको दिनसम्म कार्यालयले संकलन गरेको परिमाणको रकम कुल ठेक्का रकम ११,९४,००,०००/- (मु. अ. कर सहित) बाट घटाई बाँकी रकम नियमानुसार कार्यालयमा दाखिला गर्ने गरी र गत आ.व. २०८१/०८२ मा कार्यालयले संकलन गरेको रकममा दोहोरो नपर्ने गरी रकम संकलन गर्न



कालाखेती

रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

कार्यालयलाई निर्देशन दिईयो । साथै मनहरी खोला बगर क्षेत्र वरपर उत्खनन् भएको नदिजन्य पदार्थ घाटगदद्दिको लागि राख्न जग्गा नभएकोले खोलाबाट उत्खनन् भएको क्षेत्र नापजाँच गरी परिमाण एकिन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८२/०८३ मा उपभोक्ता समितिहरुबाट संचालन हुने आयोजनाहरुमा प्राविधिक लागत अनुमानमा उल्लेख भए बमोजिम हेभी मेशिनरी औजार प्रयोग गर्न सकिने गरी अनुमती दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. ६ सुनाचुरी क्षेत्र वरपरका स्थानहरुमा नेपाल टेलिकमको Network Coverage नभएका कारण दैनिक संचारमा कठिनाई देखिएको सन्दर्भमा नेपाल टेलिकमको प्राविधिक सहितको टोलीबाट स्थलगत अवलोकन गर्दा eNB/BTS टावर संचालनमा ल्याउनु पर्ने आवश्यकता देखिएको र सोको लागि उपयुक्त स्थानको रुपमा मनहरी गाउँपालिकाको वडा नं. ६ देखिएकोले वडा कार्यालय भवनको चौथो तल्लामा टावर राख्न अनुमति दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा लामिटार चकरी सडक कालो पत्रे गर्न प्राप्त संघीय समपुरक बजेटबाट वडा नं. १ चकरी क्षेत्र र वडा नं. ३ लामिटार क्षेत्र दुवै तिरबाट काम गर्ने गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा गाउँपालिकामा एक शव वशानको आवश्यकता भएकोले मेकानिकल ईन्जिनियरबाट तयार भई पेश भएको शव वहानको स्पेशिफिकेशन तथा ३०,९०,०००/- लागत ईस्टिमेट अनुसारको शववहान गाउँपालिकाबाट आ.व. ०८२/०८३ मां विनियोजन भएको दमकल र शव बहान खरिद (हे.उ.म.न.पा. संग लागत साझेदारी) शिर्षकबाट गाउँपालिकाको लागतबाट मात्र खरिद गर्ने निर्णय गरियो । साथै उक्त शववहान खरिद गर्दा लाग्ने भन्सार छुट गरिदिनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मार्फत अर्थ मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा दुधमा प्रति लि. रु ३ अनुदान उपलब्ध गराउने क्रममा छुट भएका तपसिल बमोजिमका कृषकहरुलाई देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | दुध उत्पादक कृषकहरुको नाम | दुधको परिमाण लिटर | रु ३ ले हुन आउने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सुभद्रा थापा | ३४२३ | १०२६९ | |



लालाखेती

| | | | | |
|---|---|---|---|---|
| २. | उषा थापा | १४५१ | ४३५३ | |
| ३. | मखमली थापा | ४२० | १२६० | |
| जम्मा | | ५२९४ | १५८८२ | |

| क्र. सं. | सहकारी | दुधको परिमाण लिटर | रु ३ ले हुन आउने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | **साना किसान कृषि सहकारी संस्था लि. हाडीखोला** | ५२९४ | रु. १५८८२ | |
| जम्मा | | ५२९४ | रु १५८८२ | |

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ९ का दिपक मगरले दिएको निवेदन अनुसार निजको नाममा रहेको कि. नं. ९२३ को ज. वि. ०-२-०-० क्षेत्रमा घडेरी प्रयोजनको लागी आर्थिक ऐन अनुसारको शुल्क लिई दैनिक ५० घ. मी सम्म माटो कटान गर्न अनुमति दिने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ८ स्थित सिम्पानी खानेपानी जाने बाटोमा कतिपय स्थानमा काठको पोल, कतिपय स्थानमा व्यक्तिको जग्गामा रहेकोले पोल स्थान्तरण गरी सडक छेउबाट लैजान आवश्यक सानो पोल LT-६ थान, ठूलो पोल ११-६ थान र देउकोटमा सानो पोल LT – ९ थान ठूलो पोल ११-७ थान यस गाउँपालिकाको ३०% लागत साझेदारी रहने गरी नेपाल विद्युत प्राधिकरण, हेटौंडालाई सिफारिस गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्द्वारा संचालन हुने तपसिल बमोजिमको छोटो अवधिको सिप विकास तालिमको लागि ६० प्रतिशत बागमती प्रदेश सरकारको र ४०% मनहरी गाउँपालिकाको लागत साझेदारी रहने गरी कार्यक्रम संचालन गर्न श्रम सहकारी रोजगार प्रवर्द्धन उपशाखा प्रमुख अधिकृतस्तर छैठौं तह श्री शैलेश बास्कोटालाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | तालिम संचालन गर्न चाहेको विषय | लेभल | अवधि | अनुमानित कोटा |
|---|---|---|---|---|
| १ | वारिष्टा | १ | ३९० घण्टा | २० |
| २ | व्युटी पार्लर | १ | ३९० घण्टा | २० |
| ३ | पशु स्वास्थ्य कार्यकर्ता | १ | ३९० घण्टा | २० |

| | | | | |
|---|---|---|---|---|
| ४ | गारमिण कृषि कार्यकर्ता | १ | ३९० घण्टा | २० |
| ५ | विद्युत जडान | १ | ३९० घण्टा | २० |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय
इन्द्रसरोवर गाउँपालिका
मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

अनुसूची -१

मिति २०८२/०७/३० गते बसेको चौथो कार्यपालिका बैठकको निर्णय नं. ६ संग सम्बन्धित

| क. सं. | व्यक्ति संस्थाको नाम/ठेगाना | विवरण | खर्च व्यहोर्ने शिर्षक | भुक्तानी हुने रकम |
|---|---|---|---|---|
| १ | मनकामना सनातन धर्म संरक्षण संस्था मनहरी ७ | मनकामना मन्दिर परिसरमा लाग्ने बाला चतुर्दशी मेला संचालन तथा व्यवस्थापन | आर्थिक सहायता | ५० हजार |
| २ | पोलघारी बाटो स्तरोन्नती मनहरी ६ | मनहरी ६ पोलाघारी स्थित बाटो सरसफाईको लागि २४ घण्टा JCB माग | विपद् व्यवस्थापन कोष | ३० हजार |
| ३ | श्री कुमारी स्याङ्ताङ मनहरी ८ | श्रीमान् संजय तितुङको बैदेशिक रोजगारीको सिलशिलामा पोर्चुगलमा मृत्यु भएकोले मृतकको पार्थिव शरिर नेपाल झिकाउने प्रयोजनार्थ | आर्थिक सहायता | १ लाख ५० हजार |
| ४ | श्री नवसर्जक साहित्य चौतारी नेपाल, हेटौंडा, मकवानपुर । | प्रभास घिमिरे सम्झना र सिर्जना नामक स्मृति ग्रन्थ प्रकाशन र अक्षय कोष स्थापना प्रयोजनार्थ | आर्थिक सहायता | १० हजार |
| ५ | श्री सिर्जना थिङ मनहरी ६ | चिकित्सक शिक्षा अध्ययनको लागि छात्रवृत्ती | चिकित्सक अध्ययन छात्रवृत्ती मनहरी ६ | ४ लाख |
| ६ | श्री जिया थापा मगर मनहरी ८ | वि. ए. सी अध्ययनको क्रममा prevalence of Intestinal Parasitics Infection among the school children of manahari – 8 simpani नामक अनुसन्धान कार्यको लागि छात्रवृत्ती | प्राविधिक शिक्षा र सिपमुलक शिक्षा अध्यापन गर्ने विद्यालय र विद्यार्थीहरुलाई छात्रवृत्ती प्रदान | ३५ हजार |
| ७ | श्री अमृता गोले मनहरी ८ | वि. ए. सी अध्ययनको क्रममा prevalence and risk Factors of Gastro- Intestinal Parasitics in the Tamang community of Manahari - 8 simpani नामक अनुसन्धान कार्यको लागि छात्रवृत्ती | प्राविधिक शिक्षा र सिपमुलक शिक्षा अध्यापन गर्ने विद्यालय र विद्यार्थीहरुलाई छात्रवृत्ती प्रदान | ३५ हजार |
| ८ | श्री शारदा स्मृती उपाध्यया मनहरी ९ | गोठमा आगलागी भई क्षति | आकस्मिक कोष | १० हजार |
| ९ | श्री रुपचन्द्र मुक्तान मनहरी ५ | तिज विशेष बृहत सांस्कृतिक कार्यक्रम संचालन | आर्थिक सहायता | १ लाख |
| १० | नमस्ते मनहरी मनहरी ७ मकवानपुर | शुभ दिपावलीको अवसरमा आयोजित फुटवल कार्यक्रम व्यवस्थापन खर्च | आर्थिक सहायता | २० हजार |
| ११ | मनहरी १ | तल्लो मकरी चौतारीमा विश्राम स्थल निर्माणको लागि ४ थान सिमेन्ट कुर्सी माग | वडा तथा कार्यलय संचालन व्यवस्थापन पूर्वाधार | ३१ हजार |
| १२ | सुर्य बहादुर कामि मनहरी ३ | कृषि औजार मर्मत गर्ने परम्परागत आरनमा हावा फुक्ने मेसिन | आर्थिक सहायता | १७ हजार |

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

... कालाखेती
... अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृ

अनुसूची -१

मिति २०८२/०७/३० गते बसेको चौथो कार्यपालिका बैठकको निर्णय नं. ६ संग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| १३ | भुन्द्रुङटाडीं खानेपानी सरसफाई उपभोक्ता समिति मनहरी -२ | खानेपानीको तत्काल समस्या समाधानको लागि | विपद् व्यवस्थापन कोष | ४ लाख ७५ हजार |
| १४ | लोथर देखी फरिवाङ हुँदै वालभञ्ज्याङ सम्मको बाटो सरसफाई मनहरी -६ | मिति २०८२/०५/३० गते बसेको दोस्रो गाउँकार्यपालिका बैठकबाट वडा नं. ६ रुपाचुरी, फरिवाङ, लोथरको बन्द सडक खुलाउने - ३,९९,०००/- विनियोजन भएकोमा अपुग रकम रु १ लाख ७१ हजार सहित | विपद् व्यवस्थापन कोष | ५ लाख ७० हजार |
| १५ | नरकट्टी खोल्चिमा वाल निर्माण मनहरी - ९ | संम्भावित खोल्रीजन्य जोखिम न्युनिकरणको लागि | विपद् व्यवस्थापन कोष | ४ लाख ५० हजार |
| १६ | बगौडा विच बाटो स्तरीकरण मनहरी -३ | सवारी साधन आवतजावतको सहजीकरणको लागी बाटो ग्राबलिङ | विपद् व्यवस्थापन कोष | ८७ हजार |
| १७ | झिंगे खोल्सी सरसफाई मनहरी -६ | संम्भावित खोल्सीजन्य जोखिम न्युनिकरणको लागि | विपद् व्यवस्थापन कोष | ४ लाख |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँ कार्यपालिकाको चौथो बैठक

रन्जन कालाखेती
अध्यक्ष